# सभापोखरीगाउँपालिका
## खानेपानी तथा सरसफाई कार्यविधि,२०७६

**प्रस्तावना :**

नेपालको संविधानले आधारभूत स्तरको खानेपानी र सरसफाई सुविधालाई नागरिकको आधारभूत अधिकारकोरूपमा प्रत्याभूत गरेको छ । हालका दिनमा सरसफाइको दायरा फराकिलो भइ प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण,जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रूपमा विस्तारित भई सरसफाईलाई राष्ट्रियविकासको अभिन्न अंगको रूपमा लिन थालिएको छ । यस सदर्भमा पुर्ण सरसफाईलाई महत्व दिई कार्यक्रमहरू संचालन गर्न वाञ्छनीय भएकाले,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी सभापोखरीगाउँकार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

१ **संक्षिप्त नाम र प्रारंभ**

क) यो कार्यविधिको नाम **"खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि, २०७६"** रहेको छ ।

ख) यो कार्यविधि तुरून्त लागू हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "सरसफाई" भन्नाले मानव मलमुत्रको सुरक्षित बिसर्जनका लागि सेवा र सुविधाहरूको व्यवस्थालाई सरसफाई भनिन्छ ।सरसफाईले फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायमगर्नुलाई बुझाउँदछ । जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरूको समग्रकार्य नै सफाइ हो भन्ने बुझाउने छ ।

ख) "स्वच्छता" भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाटबच्न अपनाइने सम्पूर्ण व्यवहारहरू हुन् । स्वच्छताले व्यक्ति र समुदायको स्वस्थ आनीबानी समेतलाई जनाउँछ ।

ग) "सफा र स्वच्छ अवस्था" भन्नाले सफा र स्वच्छ चरणका सूचकहरू पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदनएवं प्रमाणीकरण भएको अवस्थालाई जनाउँछ ।



घ) "पूर्ण सरसफाइ उन्मुख अवस्था" भन्नाले यस कार्यविधिमा उल्लेखित सफा र स्वच्छ, पूर्ण सरसफाइ उन्मुख दुवै चरणकासूचकहरू पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउछ ।

ङ) "सार्वजनिक शौचालय"भन्नाले सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्न सक्ने प्रयोगकर्ता-मैत्रीशौचालयलाई बुझाउँछ ।

च) "संस्थागत शौचालय" भन्नाले विद्यालय, कार्यालय, स्वास्थ्य संस्था जस्ता सार्वजनिक निकायहरूमा निमार्ण गरिएका प्रयोगकर्ता–मैत्रीशौचालयलाई बुझाउँछ ।

छ) "सामाजिक समावेशीकरण"भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको योजनातर्जुमा र निर्णय प्रक्रिया र सेवा सुविधामा पहुँच रहेको अवस्था बुझाउँछ ।

ज) "विपद् व्यवस्थापन" भन्नालेबाढी–पहिरो, आगलागी, भूकम्प, भू-क्षय र रोगव्याधिजन्य महामारी जस्ता प्राकृतिक एवं मानवसृजित विपद् सम्बन्धी पूर्व तयारी, उद्धार, पुर्नलाभ, पुनर्स्थापना र पुर्ननिर्माण व्यवस्थापनको समष्टिगत व्यवस्थालाई बुझाउँछ ।

झ) "प्रयोगकर्ता-मैत्री खानेपानी, सरसफाई र स्वच्छताका सुविधाहरू" भन्नाले शारीरिक रूपले असक्षम र अपाङ्गताभएका बालबालिका तथा जेष्ठ नागरिक आदि सबैलाई प्रयोग गर्न सजिलो हुने प्रयोगकर्ता-मैत्री सुविधाहरूलाई बुझाउँछ ।

ञ) "बानी व्यवहार विकास" भन्नाले शौचालयको प्रयोग, साबुन पानीले हात धुने, महिलाको महिनावारीव्यवस्थापन लगायत अन्य सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको निरन्तर प्रक्रियालाई बुझाउँछ ।

ट) "दिगो सरसफाइ" भन्नाले स्वचालित र नियमित रूपमा संचालित सरसफाइलाई बुझाउँछ ।

ठ) "सुरक्षित पानी" भन्नाले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक,जैवीक र रसायनिक पदार्थहरू नरहेको पानीलाई बुझाउँछ ।

ड) "सरोकारवाला":भन्नाले सरकारी, गैह्सरकारी कार्यालय तथा



स्थानीय राजपत्र

निकाय, राजनीतिक दल, विद्यालय, सहकारी, निजीक्षेत्र,नागरिक समाज, सञ्चारक्षेत्र, उपभोक्ता समितिहरू लगायतका सरोकारवालाहरूलाई बुझाउँछ ।

## परिच्छेद– दुई

**३. गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिः**

१) सभापोखरीगाउँपालिका स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको गठन देहाय बमोजिम हुनेछ :

- क) गाउँपालिका अध्यक्ष - संयोजक
- ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
- ग) संयोजक, वन वातावरण तथा विपद् व्यवस्थापन समिति - सदस्य
- घ) गाउँपालिका क्षेत्रभित्रका सुरक्षा निकाय अध्यक्ष वा प्रतिनिधिहरू - सदस्य
- ङ) खानेपानी उपभोक्ता समिति मध्येबाट समितिले तोकेको १ जना - सदस्य
- च) स्वास्थ्य रसरसफाई, फोहोरमैला व्यवस्थापनको क्षेत्रमा कामगर्ने गै.स.स.मध्येबाट समितिले तोकेको एकमहिला सहित२ जना - सदस्य
- छ ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
- ज) प्रमुख, समाजिक विकास शाखा - सदस्य
- झ) प्रमुख, शहरी पुर्वाधार विकास शाखा - सदस्य
- ञ) प्रमुख, वातावरण तथाविपद् व्यवस्थापनशाखा - सदस्य सचिव

२) खुल्ला दिशा मुक्त क्षेत्र घोषण र पुर्ण सरसफाई अभियान कार्यान्वयनका लागि समितिले वडा स्तरिय समितिलाई समेत प्रविधिक सहयोग गर्न आवश्यकता अनुसार कार्यदल गठगाउँ परिचालन गर्न सक्नेछ ।

**४. गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको काम, कर्तव्य र अधिकार**

- क) सभापोखरीगाउँपालिकालाई खुला दिसामुक्त क्षेत्र बनाउने योजना तर्जुमा गर्ने ।

स्थानीय राजपत्र



- ख) खुल्ला दिसामुक्त क्षेत्र घोषणालाई दिगो बनाउदै पूर्ण सरसफाई सुनिश्चितता गर्ने । त्यसका लागि अनुसुची १ र २ अनुसारका सुचकहरू पुरा गर्नु पर्नेछ ।
- ग) सभापोखरीगाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरू बिच समन्वय गर्ने ।
- घ) स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरूको श्रोत र साधनलाई एकिकृत परिचालन गर्ने व्यवस्था मिलाउने ।
- ङ) पूर्ण सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्न अभियान संचालन गर्ने ।
- च) पूर्ण सरसफाई, फोहोरमैला व्यवस्थापनका लागि वडास्तरीयखानेपानी, सरसफाई तथा स्वच्छता समितिलाईआवश्यक सहयोग गर्ने व्यवस्था मिलाउने ।
- छ) खानेपानी, सरसफाई तथा स्वच्छता कोषको व्यवस्थापन गर्ने ।

**५. वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिः**सभापोखरीगाउँपालिकाको प्रत्येक वडामा वडा स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छतासमिति देहाय बमोजिम गठन हुनेछ ।

- क) वडा अध्यक्ष - संयोजक
- ख) सम्बन्धित वडाबाट प्रतिनिधित्व गर्ने गाउँकार्यपालिका सदस्य - सदस्य
- ग) वडा समितिका सदस्यहरू - सदस्य
- घ) वडाका स्वास्थ्य संस्था प्रमुख - सदस्य
- ङ) स्वास्थ्य, सरसफाई र फोहोरमैलाको क्षेत्रमा काम गर्ने संस्थामध्ये समितिले तोकेको एक महिला सहित ३ जना - सदस्य
- च) वडा सचिव - सदस्य सचिव

**६. वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

- क) वडालाई खुला दिसामुक्त क्षेत्र बनाउने योजना कार्यान्वयन गर्ने
- ख) वडामा खुल्ला दिसामुक्त क्षेत्र घोषणालाई दिगो बनाउदै पूर्ण सरसफाई सुनिश्चितता कायम गर्ने ।
- ग) वडामा गठन भएका टोल विकास संस्थाहरूलाई वडाको खुल्ला

स्थानीय राजपत्र

दिसामुक्त र पुर्णसरसफाई अभियानमा परिचालन गर्ने ।

घ) वडाभित्र रहेका स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरू बिच समन्वय गर्ने ।

ङ) वडास्तरमा स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरूको श्रोत र साधनलाई एकिकृत परिचालन गर्ने व्यवस्था मिलाउने ।

च) वडास्तरमा पूर्ण सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्न क्रियाकलाप संचालन गर्ने ।

छ) गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिबाटप्राप्त निर्देशनहरू कार्यान्वयन र आवश्यक समन्वय गर्ने ।

७. **समितिको बैठक**

क) बैठकका लागि ५१% सदस्यको उपस्थितीलाई गणपुरक संख्या मानिनेछ ।

ख) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सकिनेछ ।

ग) समितिका पदाधिकारीले बैठक बसेको दिन गाउँपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

घ) दफा ३ (१) र दफा ५ बमोजिमको गठित समितिको बैठक सम्वन्धी ब्यवस्था माथि उल्लेख उपदफा क,ख,ग बमोजिम हुनेछ ।

## परिच्छेद–तीन

८. **कोषको व्यवस्था**: यस कार्यविधिको अधिनमा रहि खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन कोष" को स्थापना गरिने छ । सो कोषमा देहाय बमोजिमको रकम हुनेछ :

(क) नेपाल सरकारबाट प्राप्त हुने रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

(ग) गाउँसभाबाट कोषमा प्राप्त हुने रकम ।

(घ) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय,राष्ट्रियर स्थानीय गैरसरकारी संस्थाबाट कोषको नाममासोझै प्राप्त भएको रकम,

(च) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।



९. **कोष संचालन** : कोषको रकम समितिबाट सभापोखरीगाउँ क्षेत्र भित्रका कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ । कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि मात्र खर्च गरिनेछ :-

क) खुल्ला दिसामुक्त घोषणा अभियान संचालन कार्यक्रमहरू संचालन गर्ने ।

ख) गाउँपालिका क्षेत्रलाई प्लास्टीक झोला मुक्त गाउँ बनाउने अभियान संचालन गर्ने ।

ग) पुर्णसरसफाई र फोहोर मैला व्यवस्थापन गर्नेकार्यमा संलग्न साझेदार संस्थाहरूसँग साझेदारी गर्ने ।

घ) विपद्को कारणबाट भएको फोहोर मैला तथा प्रदुषणको विसर्जन (डिस्पोजल) गर्ने,

ङ) फोहोरमैला ब्यवस्थापन र पुर्णसरसफाई ब्यवस्थापनकालागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

च) कोषको रकम फोहोरमैला व्यवस्थापन र पुर्णसरसफाई बाहेकका कार्यमा खर्च गर्न पाइने छैन ।

१०. **लेखापरीक्षण** :

क) कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारले अपनाएको लेखाप्रणाली बमोजिम राखिनेछ ।

ख) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परिक्षण शाखाबाट र अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद–चार

११. **अनगुमन, मूल्याङ्कन र प्रतिवेदन** : कार्यक्रमको प्रभावकारी कार्यान्वयन, गुणात्मक उपलब्धि र दिगोपनका लागि निरन्तर अनुगमन, मूल्याङ्कन र प्रतिवेदन तयारी गर्ने कार्यलाई संस्थागत गरिने छ । कार्यकमलाई प्रभावकारी रूपमा संचालन गर्नका लागिघरायसी तथा संस्थागत तहमा समेत अनुगमन र मूल्याङ्कन गर्नु पर्नेछ । अनुगमनका नीतिगत पक्ष, कार्यान्वयन विधि, बाधाअवरोध,चुनौती, अवसर, कार्य कुशलता, प्रभावकारिता तथा प्राविधिक पक्ष लगायतका विषयहरूमा



स्थानीय राजपत्र

केन्द्रित रहने छ । अनुगमन मूल्याङ्कन कार्य अनुसुची २ बमोजिम हुनेछ ।

१२. **पुरस्कार, सम्मान र कदरः** गाउँपालिका क्षेत्रको विभिन्नतहमा, पूर्ण सरसफाई अभियान संचालनमा विशेष योगदान पुऱ्याउने व्यक्ति, समुह र सस्था आदिलाई सम्मान एवं पुरस्कृत गर्न सकिनेछ ।

१३. **संशोधनः**यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१४. **बचाउ तथा खारेजीः**यस कार्यविधिमा व्यवस्था भएका कुराहरू, स्थानीय सरकार संचालन ऐन,२०७४सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।



**अनुसुची १**
**दफा ४ को (ख) सँग सम्बन्धित**

१. **सफा तथा स्वच्छ क्षेत्रः** यस चरणमा निम्न लिखित क्रियाकलाप संचालन गरिने छ :

क) दफा ३ (१) र दफा ५ बमोजिमको गठित समितिहरूलाई सक्रिय गरिनेछ

ख) समन्वय समिति र सरोकारवालाहरूको सहभागितामा खुला दिसामुक्त क्षेत्र घोषणाको पुनरावलोकन एवंत्यस पछि संचालन गरिने क्रियाकलापहरूलाई सहयोग गर्न कार्यदल गठन गरिनेछ ।

ग) सरोकारवालाहरूको सहभागिता र सक्रियतामा गाउँपालिका र वडास्तरिय सरसफाई स्वच्छता योजना तर्जुमा गरिने छ ।

घ) गाउँपालिका केन्द्रदेखि वडा र टोल तहमा खानेपानी, सरसफाई, स्वच्छता सम्बन्धी मानव संसाधन विकासका लागि क्षमताविकास तालिम तथा अभिमुखीकरण गोष्ठीहरू आयोजना गरिने छ ।

ङ) खानेपानी, सरसफाई तथा स्वच्छतासँग सम्बन्धित विभिन्न विषयहरू चर्पीको समुचित प्रयोग, व्यक्तिगतसरसफाइ, न्यूनतम आवश्यक तथा सुरक्षित पानीमा पहुँच तथा प्रयोग, सुरक्षित खानाको प्रयोग, सफा रस्वच्छ घर, विद्यालय, स्वास्थ्य संस्था एवं कार्यालय, ठोस तथा तरल फोहोरको व्यवस्थापन, ढल तथामानव मलमुत्रीय फोहोर व्यवस्थापन, वातावरणीय सरसफाई आदिका विषयमा आम संचारको प्रयोग,अनुशिक्षण, गोष्ठी तथा घरदैलो कार्यक्रम मार्फत जनचेतनामूलक क्रियाकलापसंचालन गरिने छ ।

च) खानेपानी, सरसफाई तथा स्वच्छता प्रबर्द्धनको व्यापक प्रचार प्रसार गर्नका लागि स्थानीय परिवेश रभाषा अनुरूप सूचना, शिक्षा र सञ्चार सामग्रीहरूको विकास र वितरण गरिनेछ ।

छ) खानेपानी, सरसफाइ तथा स्वच्छता सामाग्रीहरूको ग्रामीण क्षेत्रसम्म पहुँच विस्तार गर्न निजी क्षेत्रसँगसहकार्य गरीनेछ ।

ज) सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरूकोनिर्माण गरी चर्पीमा सबैको



स्थानीय राजपत्र

स्थानीय राजपत्र

पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिने छ ।

झ) आवश्यकता अनुसार सबै सार्वजनिक (बजार, राजमार्ग, धार्मिक तथा पर्यटकीय स्थललगायत) तथासंस्थागत शौचालयहरू प्रयोगकर्ता–मैत्री (वातावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गता र बृद्ध–मैत्री) बनाइनेछ ।

ञ) घरधुरी, स्थानीय संघसंस्था क्लव, समूह, समिति आदि मार्फत घरायसी चर्पी, संस्थागत तथा सार्वजनिकशौचालयहरूको नियमित मर्मतसंभार र स्तरोन्नती गरी स्वच्छता कायम गरिने छ ।बालबालिकाको दिसालाई सुरक्षित विर्सजन गरिनेछ ।

ञ) व्यक्तिगत स्वच्छता एवं साबुन पानीले हात धुने व्यवहारको विकासका लागि घर,संस्थागत निकाय,सार्वजनिक शौचालय, होटेल, क्यान्टिन आदिमा साबुन पानी सहित हात धुने स्थानको निर्माण सम्बन्धित जिम्मेवार पक्षले गर्नुपर्नेछ ।

ट) समुदाय परिचालन, आम संचार, सूचना, शिक्षा, सञ्चार सामग्रीहरू मार्फत घरघर, टोलटोल र संस्थाहरूमा खाना खानु अघि, बच्चालाई खाना खुवाउनु भन्दा अघि, दिसा गरेपछि, बच्चाको दिसाधोएपछि, फोहोर तथा विषादी आदि छोए पछि साबुन पानीले हात धुने लगायत थप व्यक्तिगत स्वच्छताप्रवर्द्धन सम्बन्धी ज्ञान, अभ्यासको प्रचार प्रसार र प्रदर्शनी गरिने छ ।

ठ) महिलाहरूको मासिकधर्मलाई प्राकृतिक प्रकृयाका रूपमा लिदैं यसको स्वच्छता र व्यवस्थापनको लागिघरायसी, विद्यालय तथा संस्थागत निकायमा मासिकधर्म स्वच्छता व्यवस्थापनका लागि स्यानीटरी प्याडवा अन्य साधनहरूको सफाइ एवं सुरक्षित विर्सजन सम्बन्धी ज्ञानको प्रचार प्रसार गरिनेछ । समुदाय,विद्यालय, संस्थागत निकाय तथा सार्वजनिक शौचालयहरूमा स्यानीटरी प्याड वा अन्य साधनहरूकोसफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था गरिने छ ।

ड) सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा सबै घरधुरी, संस्थागत निकाय, सार्वजनिक स्थानहरूमा खानेपानी आयोजना निर्माण तथा पुर्नस्थापना र मर्मत सम्भार गरी आधारभूत स्तरको खानेपानीको पहुँचसुनिश्चित गरिने छ ।

ढ) सुरक्षित खानेपानीमाअपाङ्गता भएका व्यक्तिहरू समेत सबैको पहुँच



सुनिश्चित गरिखानेपानी आयोजना र यसकास्रोतहरू मुहान, इनार, ह्याण्डपम्प, कुवा, वर्षातको पानी संकलन ट्यांकी आदिको संरक्षण गरीसरसफाई र स्वच्छताका विभिन्न वैज्ञानिक उपायहरू अबलम्बन गरी कायम गरिनेछ ।

ण) घरायसी, संस्थागत तथा सार्वजनिक स्थानहरूमा पानीको सुरक्षित व्यवस्थापनका लागि ज्ञान, सीप,अभ्यास सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।

निजी क्षेत्रसँगको सहकार्यमा घरायसी, संस्थागत,सामुदायिक स्तरमा पानी प्रशोधन, शुद्धीकरण सम्बन्धी सामग्रीहरूको बजारी-करण गरी कुनै विधि (फिल्टर,सोडिस, उमाल्ने, क्लोरिनेशन वा अन्य)को छनौट गर्ने अवसर उपलब्ध गराइनेछ ।

त) समुदाय परिचालन र आम सञ्चार क्षेत्रद्धारा घरायसी तहमा खाना प्रयोग सम्बन्धी सुरक्षित व्यवहार जस्तैखाना राम्ररी पकाएर खाने, बासी खाना नखाने, खाएमा आवश्यक तापक्रम तथा शुद्धता कायम गरी खाने,फलफूल तथा काचैं खाने खाद्यन्न राम्ररी धोएर सफा गरी खाने आदि बानी व्यवहारको विकास गरिनेछ ।

थ) सम्बन्धित सरकारी, गैर सरकारी संस्था, उपभोक्ता सस्था, नागरिक समाज आदिको संयुक्त टोलीमार्फतसंस्था, विद्यालय, होटल, रेस्टुरा, क्यान्टिन, होस्टेल आदिमा प्रयोग हुने खाना, खानापकाउने तथा खानेभाँडाको सफाइ र स्वच्छता कायम गर्नका लागि प्रभावकारी अनुगमन गरिनेछ ।

द) घरायसी एवं संस्थागत तहमा महिला स्वास्थ्य स्वयंसेविका, सामुदायक परिचालक एवं पूर्ण सरसफाईस्वंयम सेवकहरू मार्फत घरायसी सरसफाईको महत्व,घर तथा संस्थाभित्र बाहिर सरसफाई, भान्सा तथागोठको सरसफाई पशुपंक्षीको व्यवस्थापन, ठोस फोहोर संकलन, वर्गीकरण, त्यसको पुन प्रयोग जस्ताकार्यहरू गर्न प्रोत्साहित गरिने छ ।

ध) घरायसी तथा संस्थागत निकायबाट निस्कासन भएको फोहोर पानीको व्यवस्थापन तथा प्रयोग सम्बन्धीज्ञान, सीप सम्बन्धमा प्रशिक्षण तथा अभिमुखीकरण र प्रचारप्रसार गरिने छ ।

न) निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य र समन्वयमा घरायसी, सामुदायिक तथा संस्थागत तहमाठोस (कुहिने र नकुहिने)तथा

तरल फोहोर व्यवस्थापनका लागि स्थानीय परिवेशमा उपयुक्त हुने प्रविधिको सिफारिस गर्नुका साथैआवश्यकता अनुसार निर्माण, व्यवस्थापन र संचालन गरिनेछ ।

प) घर, संस्था, कार्यालय, सामुदाय, सार्वजनिक स्थान आदिमा रहेको शौचालयको खाल्डो/सेप्टीक ट्यांकीभरिएपछि त्यहाँको मानव मलमुत्रीय फोहोरको उपचार गरी सुरक्षित स्थानमा विसर्जन गर्न स्थानीयस्तरमा संचालन गर्न सकिने प्रविधिको बजारीकरण गरी प्रयोग र संचालनमा ल्याइनेछ ।

फ) टोल विकास संस्था, क्लव,समिति आदिद्वारा सामुदायिक तथा सार्वजनिक सम्पत्ति,गाउँ,टोल, बाटोघाटो, चौतारा, पाटीपौवा आदिको सरसफाई गरी सामुदायिक स्वच्छता प्रवर्द्धनमा सघाउ पुऱ्याइनेछ ।

ब) गाउँपालिकाक्षेत्रमा ठोस फोहोरमैलाको उचित संकलन, वर्गीकरण,ढुवानी, प्रशोधन, पुन:प्रयोगर अन्तिम निस्कासनको एकीकृत व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइटको निर्माण गर्न पहलगरिनेछ ।

भ) अस्पताल, उद्योगधन्दा तथा कलकारखानाबाट निस्कने ठोस तथा तरल फोहोर सोहि हाताभित्र सुरक्षितस्थानमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार व्यवस्थापन गरी अन्तिम विसर्जनका लागिहाताबाहिर निस्कासन गर्न दिइनेछ ।

म) गाउँ एवं गाउँउन्मुख क्षेत्रका घरायसी, सस्थागत, सार्वजनिक स्थानलाई ध्यानमा राखी व्यवस्थित ढलप्रणालीको निर्माण गर्नका लागि योजना तर्जुमा गरिनेछ ।

य) दिर्घकालीन रूपमा गाउँ र गाउँउन्मुख क्षेत्रमा वधशालाहरूको निर्माण, वधशालाको सरसफाई गर्ने कार्ययोजना बनाई तत्कालिन अवस्थामा गाउँ र गाउँउन्मुख क्षेत्रमा संचालित फ्रेसहाउस र त्यसबाट निस्कने फोहोरकोव्यवस्थापन गर्न सम्बन्धित व्यवसायीहरूलाई नै गर्न लगाइनेछ ।

माथि उल्लेखित क्रियाकलापहरू सम्पन्न भए पश्चात्अनुसची १ को ४ बमोजिमस्व-घोषणा, अनुमोदन तथा प्रमाणीकरणगर्न सकिनेछ ।

२. **पूर्ण सरसफाइ उन्मुख क्षेत्र**: पूर्ण सरसफाइ अभियान अन्तर्गत कुनै पनि



क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र घोषणा र कायम गरी सकेपछि निरन्तर रूपमातपसिलमा उल्लिखित पूर्ण सरसफाइ उन्मुख क्रियाकलापहरू संचालन गरिने छ :

क) सफा र स्वच्छ क्षेत्र चरणमा संचालित योजना, कार्यक्रम, क्रियाकलापहरूको पुनरावलोकन गरिने छ रआवश्यकता अनुसार सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ख) घर, सस्था, शौचालयबाट ढल प्रणाली वा कुनै माध्यम मार्फत निश्चित स्थानमा सुरक्षित तरिकाले मानव मल मुत्रीय फोहोर(FaecalSludge)निस्कासन तथा संकलन गरिने छ । यसरी संकलित मानव मलमुत्रीयफोहोर तथा फोहोरपानीलाई उपयुक्त प्रविधि मार्फत प्रशोधन गरी त्यहाँबाट निस्केको वस्तुहरू (Products)लाई घरायसी सरसफाइ, कृषि वा अन्य क्षेत्रमा पुन:प्रयोगमा जोड दिइनेछ । निजी क्षेत्रसँग सहकार्य गरीयस्तो कार्यलाई अझ प्रभावकारी बनाइनेछ ।

ग) घर, संस्था, कार्यालयमा प्रयोग तथा पुर्नप्रयोग हुन नसकेको ठोस फोहोरमैलालाई स्रोतबाट सिधै संकलगाउँ स्यानिटरी ल्याण्डफिल्डमा सुरक्षित रूपमा स्थानान्तरण, प्रशोधन एवं विसर्जनको व्यवस्था गरिनेछ ।

घ) स्थानीय निकाय र सरोकारवालाहरूको समन्वयमा वर्षात्को पानी संकलन गरी प्रयोग गर्न प्रोत्साहनगरिनेछ ।

ङ) शहर उन्मुख बस्ती तथा गाउँ क्षेत्रमा फोहोरपानी तथा सतही ढलको व्यवस्था गरिनेछ ।

च) नदीनालाको सरसफाइ, पार्क निर्माण तथा हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।

छ) सरोकारवालाहरूसँगको समन्वयमा अस्पताल एवं औद्योगिक तथा कलकारखानाबाट उत्पादितजोखिमयूक्तफोहोरमैलाको सुरक्षित बिसर्जन गरिने छ ।

ज) सरोकारवालाहरूको समन्वयमा प्रयोगकर्ता-मैत्री उच्च गुणस्तरका खानेपानी, सरसफाइ र स्वच्छताकासुविधाहरू प्रवर्द्धन र विकास गरी पूर्ण सरसफाइ उन्मुख क्षेत्र निर्माणमा केन्द्रित रहन समुदायपरिचालनका क्रियाकलापहरू संचालन गरिनेछ ।

३. **सफा र स्वच्छ अवस्था एवं पूर्ण सरसफाइका सूचूकहरू**: पूर्ण सरसफाइ अभियान अन्तर्गत सफा र स्वच्छ क्षेत्र एवं पूर्ण सरसफाइ उन्मुख क्षेत्रको स्व-अनुगमन वा प्रमाणीकरणका लागि अनुगमन गर्दा निम्न लिखित

सूचकहरूलाई आधार मानी उक्त क्षेत्रको अवस्थाको लेखाजोखा,घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अवलम्बन गरिने छ ।

क) **सफा र स्वच्छ अवस्था क्षेत्र घोषणा चरणका सूचकहरूः** तल दिइएका ७ वटा मुख्य सूचकहरू अध्ययन गरी सो हासिल भएको पाईएमा कुनै क्षेत्रलाई सफा र स्वच्छ क्षेत्रभनी स्व-घोषणा वा प्रमाणीकरण गर्न सकिनेछ ।

१. **योजना तर्जुमा तथा व्यवस्थापन**

- समन्वय समिति सक्रिय रहेको,
- WASH Planतर्जुमा भएको
- क्षमता विकासको लागि तालिमहरू सञ्चालन गरिएको,

२. **चर्पीको समुचित प्रयोग**

- प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरूमा चर्पी निर्माण भइ प्रयोग भएको,
- साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,
- खुला ठाँउमा दिसा नभेटिएको,
- संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको,

३. **व्यक्तिगत सरसफाइ**

- प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानीसहितको हात धुने स्थान बनाएको,
- घर, विद्यालय संघसस्था र सार्वजनिक शौचालयहरूमा साबुन पानीले हात धुने सुविधा (स्थान रसावुनपानी) भएको,
- घर, विद्यालय, स्वास्थ्य सस्था, कार्यालयहरूमा सावुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापनलगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,
- व्यक्तिगत सरसफाइमा ध्यान पुऱ्याएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी,होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत)

४. **सुरक्षित पानीमा पहुँच तथा प्रयोग**

- आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको,
- खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामापानी शुद्धीकरणका

स्थानीय राजपत्र



कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको,
- घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरू स्थानीय बजारमा उपलब्ध भएको,

५. **सुरक्षित खानाको प्रयोग**

- घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्नेगरेको
- खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,
- फलफूल तथा खानेकुराहरू राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,
- सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रूपमा अनुगमन हुने गरेको,

६. **घरायसी एवं संस्थागत सरसफाइ**

- घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको,
- विद्यालय,संघसस्था र सार्वजनिक शौचालयहरूमा मासिक धर्म/महिनावारीमा प्रयोग गरिएकास्यानीटरीप्याड वा अन्य साधनहरूको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,
- घर आगँन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरकोसमुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासनभएको,
- अस्पताल,उद्योग,कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोहीसंस्थाले गर्ने गरेको,
- उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,
- भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको,

७. **वातावरणीय सरसफाइ**

- गाउँ, टोल, गाउँ एवं सडक, चौतारा आदि सार्वजनिक

स्थानीय राजपत्र

स्थानहरूको सरसफाइको लागि सरसफाइ समितिगठन भएको,

- घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर ( मानव मलमुत्र बाहेक) व्यवस्थापनको
- आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टीक
- ट्याकमा जोडिएको,
- मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पीलगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको,
- गाउँ क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचित व्यवस्थापन भएको,
- गाउँ क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल साइटकोपहिचान गरी निर्माणका योजना तर्जुमा भएको,
- व्यवस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधनप्रणाली) को योजना तर्जुमा भएको,

**ख) पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा चरणका सूचकहरू**

- प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,
- नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको,
- ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमाजोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको
- गाउँ र गाउँन्मुख क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको,
- ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइटको निर्माणगरी संचालनमा



रहेको,

- गाउँ र गाउँन्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्त्पादन, पुनःप्रयोग र रिसाइकल गर्नेव्यवस्था भएको,
- आकासेपानी संकलन र उपयोग गरेको,
- नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,
- वस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको,

**४. स्व-घोषणा, अनुमोदन तथा प्रमाणीकरण**

क) पूर्ण सरसफाइ अभियानलाई निरन्तर रूपमा संचालन गर्दै जादा गाउँपालिकाले सरसफाइकाक्रियाकलापहरूको स्व-अनुगमन, अवलोकन, मूल्याङ्कन एवं स्तरोन्नती कार्यलाई निरन्तररूपमा संचालन गर्ने छ ।

ख) पूर्ण सरसफाई अभियान संचालन गर्ने क्रममा अनुसुची ३ को (क) २ चर्पीको समुचित प्रयोगका सुचकहरू पुरा गर्न खुला दिशा मुक्त घोषणा कार्यलाई प्राथमिकतामा राख्नु पर्नेछ । खुल्ला दिशामुक्त घोषणा प्रमाणिकरण अनुसुची ५ अनुगमनका सूचकहरू र प्रमाणीकरण गर्ने आधारमा रहि प्रमाणिकरण गर्नु पर्नेछ ।

ख) खुला दिशामुक्त घोषणा पछि कुनै वडाले संचालित पूर्ण सरसफाइका सफा र स्वच्छ क्षेत्रका क्रियाकलापहरू पूरा गरेपछि सम्बन्धित वडा समिति वा कार्यदलले उक्त क्षेत्रको अनुगमन गरी सफा र स्वच्छ क्षेत्रका उल्लिखित सूचकहरू पूरा भएकोअवस्थामा आफ्नो क्षेत्रलाई सफा र स्वच्छ क्षेत्रका रूपमा स्व-घोषणा गर्नुभन्दा अगाडि अनुसूची ८ अनुसारकोस्टीकर तयार गरी प्रत्येक घरधुरीमा वितरण गर्नेछ र स्व-घोषणा गर्न सक्नेछ । यसरी सफा र स्वच्छ घोषणा गरिएपछि त्यस क्षेत्रलाई गाउँपालिका स्तरिय समितिबाट अनुगमन तथा अवलोकन गराइ सफा र स्वच्छक्षेत्रका रूपमा प्रमाणीकरण गराउन सकिनेछ । गाउँपालिका स्तरिय समितिको प्रमाणीकरण पश्चातवडाले आफ्नो कार्यालयमा पनि अनुसूची ८ अनुसारको स्टीकर टाँस्न पाउनेछ ।

ग) कुनै पनि वडामा संचालित पूर्ण सरसफाइ अभियानका क्रियाकलापहरूकोस्व-अनुगमन तथा अनुगमन गर्दा माथि

उल्लिखित सफा र स्वच्छ क्षेत्रका सम्वन्धित सूचकहरूलाई आधार मानीसफा र स्वच्छ अवस्था कायम भए वा नभएको सुनिश्चितता गरिनेछ । सबै वडाका सफा र स्वच्छ क्षेत्रकायम भएपछि क्रमश नपा क्षेत्रलाई सोही प्रकृया अनुरूप सफा र स्वच्छ क्षेत्र स्व-घोषणा तथा अनुमोदनएवं प्रमाणीकरण गरिनेछ ।

घ) यदि कुनै वडाले त्यसको कुनै वस्ती वा टोललाई सफा र स्वच्छ क्षेत्र वा पूर्ण सरसफाई उन्मुख क्षेत्र प्रमाणीकरणगराउन औपचारिक अनुरोध गरेमा गाउँपालिकास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिले ७दिन भित्र अनुगमन कार्यदल गठन गरी सम्बन्धित निकाय वा क्षेत्रमा अनुगमनका लागि खटाउने छ । उक्त अनुगमनमाखटिएको टोलीले अनुसुची ३(क) मा उल्लेख गरिएका पूर्ण सरसफाईका सूचकहरू समेटिएको सूचना संकलन फारामतथा कार्यविधि अनुसार अवलोकन, छलफल, आवश्यक सूचना संकलन गरी उक्त क्षेत्रलाई सफा र स्वच्छ क्षेत्रप्रमाणीकरण गर्न उपयुक्त छ/छैन ठोस राय सहितको प्रतिवेदन गाउँ स्तरिय समितिमा पेश गर्ने छ ।प्रतिवेदन पेश गरेको मितिले बढीमा ७ दिनभित्रसमितिको बैठक बसी सफा र स्वच्छ क्षेत्रप्रमाणीकरण गर्न योग्य भए नभएको जानकारी गराउनेछ।यदि योग्य नभएमा सम्बन्धित समन्वय समितिलाईसफा र स्वच्छ क्षेत्र हासिलका लागि गर्नु पर्ने क्रियाकलापहरूको सुझाव सहित पत्राचार गर्नुपर्नेछ र सूचकहरू पुरागरेको अवस्थामा सफा र स्वच्छ क्षेत्र अनुमोदन एवं कायम गर्न सकिने पत्राचार गर्नु पर्नेछ ।

ङ) स्वघोषणा गर्दा वा अनुमोदन गर्दा सो सम्बन्धी सूचक पूरा गरेको प्रमाण-पत्र उपलब्ध गराउनु पर्ने छ ।कुनै क्षेत्रमा सफा र स्वच्छ क्षेत्रका सूचकहरू पूरा गरी अनुमोदन वा स्वघोषणा भई भएपछि वा सँगसगै पूर्णसरसफाइ उन्मुख क्रियालकलापहरू संचालन गरिनेछ । पूर्ण सरसफाइ सम्बन्धी माथि उल्लिखित क्रिया-कलापहरूसञ्चालन गरेर बुँदा ३(ख)का सूचकहरू हासिल गरे पश्चात् उक्त क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख अवस्थाका रूपमास्व-घोषणा गर्नुका साथै प्रमाणीकरण गर्न सकिने छ । साथै सफा र स्वच्छ क्षेत्र जस्तै स्व-अनुगमन,अनुमोदन,स्वघोषणा तथा



प्रमाणीकरण प्रकृया अवलम्बन गरिने छ ।

## अनुसूची २
## दफा ८ सँग सम्बन्धित

**अनुगमन विधिहरू :**

१ **स्व-अनुगमन** : सरसफाइ अभियानका गाउँ तहदेखि केन्दसम्म आफूले गरेका कामहरू र कार्यक्रमका उपलब्धिहरूलाईकार्यान्वयनकर्ता संस्था स्वयंले गर्ने गरी सम्बन्धित सरोकारवालाहरूको सहभागितामा वार्षिक स्व-अनुगमन गरिने छ ।

२ **संयूक्त अनुगमन** : विभिन्न तहका समन्वय समिति, सहयोगी निकाय, सञ्चारकर्मी,नागरिक समाज, राजनीतिक दल, शिक्षक, विज्ञ तथा लाभान्वित समुदाय आदि सम्मिलित समूहबाट संयुक्त रूपमा अनुगमन गरिनेछ । यस्तो अनुगमन एक तह माथिको समन्वय समितिबाट वर्षमा कम्तिमा १ पटक गरिने छ ।

३ **प्रभाव अध्ययन** : पूर्ण सरसफाइका क्रियाकलापहरूको प्रभावका सम्बन्धमा जिल्ला, क्षेत्र र केन्द्रले मातहतकाक्रियाकलापहरूको प्रभाव अध्ययन तथा मूल्याङ्कन गर्नेछ ।

४ **प्रतिवेदन, अभिलेखीकरण र व्यवस्थापन** : सरसफाइ प्रवर्द्धन र प्राप्त उपलब्धिको प्रतिवेदन तैयारी रअभिलेखीकरण प्रयोजनका लागि तथ्याङ्क व्यवस्थापन प्रणालीको उपयुक्त संरचना र विधि अपनाइने छ । यसका लागि न.पा. तहको तथ्याङ्क व्यवस्थापन गाउँपालिका स्तरमा गरिने छ । वडाका समन्वय समितिले नियमित रूपमा आफ्नोन.पा.का क्षेत्रभित्र रहेका घरपरिवार, संस्था र सार्वजनिक स्थानमा प्रयोगमा रहेका चर्पी/शौचालयको विवरण, खानेपानी सेवाको पहुँच, हात धुने स्थलको व्यवस्था, फोहोरमैला व्यवस्थापन लगायतका अन्य सान्दर्भिक विषयहरू समावेश गरी तथ्याङ्कसंकलन तथा अद्यावधिक गरी अभिलेखीकरण गर्नु पर्नेछ । यस प्रकारको सूचनाको अभिलेखीकरण गर्दा उक्त विषयसँग सम्बन्धित बानी व्यवहारका पक्षहरू, राम्रा सिकाई तथा अभ्यासहरू र सफलताका अनुभवहरू समेत समावेश गर्नु पर्नेछ :

- वडाहरूले सरसफाईसँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन
- तयार गरी अषाढ १५ गते भित्र गाउँकार्यपालिकाको सम्बन्धित

शाखामा पेश गर्नुपर्ने छ ।

- न.पा.ले सरसफाईसँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन
- तयार गरी श्रावण १५ गते भित्र जिल्ला समन्वय समितिको सचिवालयमा पेश गर्नुपर्ने छ ।



स्थानीय राजपत्र

## अनुसूचि ३
## सरोकारवालाहरूको भूमिका र जिम्मेवारी

(क) कार्य संचालन तह

| क्र.स. | सरोकार-वालाहरू | कार्यक्षेत्र |
|---|---|---|
| १ | व्यक्ति | • चर्पीको समुचित प्रयोग, सरसफाइ, मर्मत सम्भार, व्यक्तिगत सरसफाइ गर्ने<br>• स्वस्थकर बानी व्यवहार अवलम्बन गर्ने<br>• घर आँगनको सरसफाइ गर्ने<br>• सरसफाइ प्रति सचेत नागरिकको रूपमा सार्वजनिक दायित्व निर्वाह गर्ने |
| २ | घरपरिवार | • चर्पीको निमार्ण, समुचित प्रयोग, सरसफाइ र मर्मत सम्भार गर्ने<br>• सरसफाइ सम्बन्धी सामाजिकीकरण गर्ने<br>• पानी र खानाको स्वच्छता कायम राख्ने<br>• घर आँगन र वरिपरिको सरसफाइ र बगैचा व्यवस्थापन गर्ने<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि परिवारका सदस्य र छिमेकीलाई<br>• अभिप्रेरणा गर्ने<br>• घरधुरीबाट निस्किने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने |
| ३ | विद्यालय, विश्व विद्यालय, महाविद्यालय तथा अनुसन्धान संस्थाहरू | • सरसफाइका विषयवस्तुलाई पाठ्यपुस्तकमा समावेश गर्ने<br>• पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने<br>• विद्यार्थी बाल क्लव गठन तथा सक्रियता गराउने<br>• बालमैत्री, लैङ्गिकमैत्री चर्पी, यूरिनल तथा खानेपानी |



स्थानीय राजपत्र

| | | |
|---|---|---|
| | | सुविधा निर्माण, प्रयोग,<br>● सरसफाइ तथा मर्मत सम्भार गर्ने<br>● पानीको स्वच्छता कायम राख्ने<br>● वरिपरिको सरसफाइ कायम राख्ने<br>● स्वच्छकर बानी व्यवहार विकासका लागि विद्यार्थी र समुदायलाई अभिप्रेरणा गर्ने<br>● फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>● विपद्‌को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने<br>● समुदाय तथा अध्ययनकर्ताहरूका लागि सरसफाइ सिकाइ केन्द्रका रूपमा विकास हुने<br>● अनुसन्धान र विकासका क्रियाकलापहरू संचालन गर्ने<br>● सफा र स्वच्छ विद्यालय तथा कलेज प्रवर्द्धन गरी नमुनाको रूपमा प्रस्तुत हुने |
| ४ | गाउँ टोल | ● पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने<br>● गाउँ टोल समूहको गठन तथा सक्रियता गराउने<br>● प्रयोगकर्ता–मैत्री सरसफाइ सुविधाको स्तरोन्नती र मर्मत सम्भार गर्ने<br>● खानेपानीको मुहान संरक्षण, पानीको शुद्धीकरण र स्वच्छता कायम राख्ने<br>● गाँउ टोल र वरिपरिको सरसफाइ कायम राख्ने<br>● सार्वजनिक शौचालयको निर्माण, व्यवस्थापन, सरसफाइ र मर्मत सम्भार गर्ने<br>● स्वच्छकर बानी ब्यवहार विकासका लागि घरधुरी र नागरिक समुदायलाई<br>● अभिप्रेरणा गर्ने<br>● फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने |



| | | |
|---|---|---|
| | | ● वृक्षारोपण, हरियाली पार्क, बगैचा, चौताराको निर्माण र संरक्षण गर्ने<br>● सफा र स्वच्छ गाँउ टोल विकास गरी नमुनाको रूपमा प्रस्तुत हुने |
| ५ | उपभोक्ता समिति (खानेपानी तथा सरसफाइ बजार व्यवस्थापन समिति वन व्यवस्थापन समिति) | ● लक्षित समूह, संगठन समुदायलाई सगठित, सूसुचित र सक्रिय बनाउने<br>● नीति नियम, आचार संहिता तर्जुमा गर्ने र गराउने<br>● स्थानीय स्रोत साधन परिचालन गर्ने<br>● अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुऱ्याउने<br>● विपद्‌को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>● अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>● सरोकारवालाहरू तथा समन्वय समितिसँग समन्वय गर्ने<br>● सुविधाहरूको मर्मत, सरसफाइ र व्यवस्थापनमा सहयोग पुऱ्याउने |
| ६ | पशुवधशाला संचालक/फ्रेस हाउस संचालक | ● उचित स्थानमा वधशाला/फ्रेस हाउस निर्माण र संचालन गर्ने<br>● वधशालाको सरसफाइ र त्यहाँबाट निस्केको फोहोर व्यवस्थापन गर्ने<br>● मासुको स्वच्छता कायम राख्ने |
| ७ | सरकारी, गै.स.स. र निजी कार्यालय लगायत सवैं | ● प्रयोगकर्ता–मैत्री चर्पी, यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग तथा मर्मत सम्भार गर्ने<br>● पानीको स्वच्छता कायम राख्ने<br>● वरिपरिको सरसफाइ कायम राख्ने<br>● स्वच्छकर बानी ब्यवहार विकासका लागि कर्मचारी र सेवाग्राहीलाई अभिप्रेरणा गर्ने |



स्थानीय राजपत्र

| | | |
|---|---|---|
| | | • फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>• विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्रीवितरणमा सहयोग पुऱ्याउने<br>• सफा र स्वच्छ कार्यालय प्रवर्द्धन गरी नमुनाको रूपमा प्रस्तुत हुने |
| ८ | महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य कार्यकर्ता | • प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने<br>• सामुदायिक सशक्तिकरण र सक्रियतामा वृद्धि गर्ने<br>• अभिमुखीकरण र ट्रिगरिङ्ग गर्ने<br>• अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुऱ्याउर्ने<br>• सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण<br>• विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने<br>• सफा र स्वच्छ आनीवानी प्रदर्शन गरी नमुनाका रूपमा प्रस्तुत हुनुपर्ने<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने |
| ९ | शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघ | • जीवन उपयोगी ज्ञान, सीप, अभ्यास र सचेतना विस्तार गर्ने<br>• विद्यार्थी, विद्यालय परिवार र समुदायको सशक्तिकरण र सक्रियता वृद्धि गर्ने<br>• अभिमुखीकरण र तालिम सञ्चालन गर्ने<br>• अवस्था विश्लेषण, सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्ने<br>• विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>• सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रूपमा |



| | | |
|---|---|---|
| | | प्रस्तुत हुने |
| १० | विद्यार्थी, बाल क्लव | • विद्यालय सेवा क्षेत्रभित्र सरसफाइ क्यालेन्डर बनाइ कार्यक्रम संचालन गर्ने<br>• सरसफाईका सुविधाहरू एवं कक्षा कोठा र वरिपरिको वातावरणीय सरसफाइ गर्ने<br>• तथ्याक संकलन, सचेतनामूलक कार्यक्रम संचालनमा सहभागी हुने<br>• अविभावकहरूलाई सरसफाइ प्रवर्द्धन गर्न अभिप्रेरित गर्ने<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>• सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रूपमा प्रस्तुत हुने |
| ११ | स्थानीय क्लव र समूह | • प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने<br>• सामुदायिक सशक्तिकरण र सक्रियता वृद्धि गर्न सहयोग पुऱ्याउने<br>• अभिमुखीकरण र ट्रिगरिङ्ग गर्न सहयोग पुऱ्याउने<br>• अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुऱ्याउने<br>• सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>• विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने |
| १२ | वित्तीय संस्था तथा सहकारी | • सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>• सहुलियत व्याँज दरमा ऋण प्रदान गर्ने<br>• सामग्रीहरूको बजारीकरण र वितरण गर्ने |
| १३ | संचारकर्मी | • सन्देशमूलक सामग्रीहरूको प्रचारप्रसार गर्ने |



स्थानीय राजपत्र

| | | |
|---|---|---|
| | तथा नागरिक समाज | • अध्ययन, अवलोकन र सफल कथाहरूको प्रचारप्रसार गर्ने<br>• अनुगमन र पैरवी गर्ने |
| १४ | निजी क्षेत्रका व्यवसायी र मठ मन्दिर संचालक आदि | • सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>• फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्ने<br>• कार्यस्थल र सेवाको सरसफाइ र स्वच्छता कायम गर्ने<br>• सरसफाइ तथा स्वच्छता अभियानमा कर्मचारी, संगठन र निकायहरूलाईपरिचालन गर्ने |

**ख. नीति निर्माण तथा समन्वय तह**

| क्र.स. | सरोकार-वालाहरू | कार्यक्षेत्र |
|---|---|---|
| १ | गाउँपालिका र वडा | क्षेत्रगत सरोकारवालाहरूसँग समन्वय तथा स्रोत साधन पहिचान गर्ने सरसफाइका मुद्धाहरूलाई स्थानीय, प्रदेश , राष्ट्रिय र अन्तराष्ट्रिय तहमा पैरवी गर्ने रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने बजेट तथा मानव संसाधन व्यवस्थापन गर्न सहयोग पुऱ्याउने नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| २ | प्रदेश तथा जिल्ला तहका कार्यालयहरू | नीति र रणनीति र योजना तर्जुमा र कार्यान्वयन गर्ने बजेट तथा मानव संसाधन व्यवस्थापन गर्ने समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| ३ | विकास साझेदार संस्था | क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनमा गाउँपालिका र वडा र समन्वय समितिलाई प्राविधिक तथा आर्थिक सहयोग गर्ने अनुसन्धान र विकासका कार्यहरू संचालन गर्ने |
| ४ | राजनीतिक दल र दलका भातृ संगठनहरू | सरसफाइलाई गाउँ विकासको महत्वपूर्ण मूलधारका रूपमा स्थापित गर्ने<br>सरसफाइका लागि अभियान र मानविय श्रोतको परिचालन गर्ने । |



## अनुसुचि ४
## खानेपानी, सरसफाई र स्वच्छताका अर्न्तनिहित विषयहरू

पूर्ण सरसफाईका अर्न्तनिहित विषयहरू र सम्बोधन गर्ने उपायहरू तलको तालिकामा उल्लेख गरिएका छन्

| क्र.स. | अन्तरसम्बन्धित विषयहरू | सम्बोधन गर्ने उपायहरू |
|---|---|---|
| १ | सामाजिक समावेशीकरण | • हरेक तहका समन्वय समिति तथा कार्यदलहरूमा समुदायका सबै वर्ग रसमूहको प्रतिनिधित्व सहित कम्तिमा पनि ३३% महिलाको सहभागितासुनिश्चित गर्ने ।<br>• लैंगिक तथा सामाजिक वर्ग, समूहका संवेदनशील तथ्यांक तैयारी गर्ने ।<br>• क्षमता अभिवृद्धिका क्रियाकलाप संचालन गर्दा अनिवार्यतः लैंगिक सन्तुलनकायम गरी सहभागीहरूको चयन गर्ने ।<br>• पूर्ण सरसफाइ जनचेतनामूलक सामग्री विकास गर्दा लैंगिक पक्ष रसमावेशितामा ध्यान दिने ।<br>• लैंगिक,अपांग,बाल,वृद्ध सम्वेदनशील सुविधाहरू प्रवर्द्धन गर्ने ।<br>• आयआर्जन र जीविकोपार्जनमुखी सरसफाइका क्रियाकलापहरू प्रवर्द्धन गर्ने |
| २ | पोषण (जन-स्वास्थ्यको कार्यक्रमहरूसंग बढी सम्बन्धित) | • सरसफाइ र पोषणको अन्तरसम्बन्ध झल्किने गरी शैक्षिक एवं<br>• जनचेतनामूलक सामग्री विकास तथा प्रचार प्रसार गर्ने ।<br>• गरिबी निवारण र पोषणसँग सम्बन्धित कार्यक्रम संचालन गर्दा चर्पी निर्माण र प्रयोग एवं साबुन |



स्थानीय राजपत्र

| | | |
|---|---|---|
| | | पानीले हात धुने क्रियाकलापको सुनिश्चितता गर्ने ।<br>● सुरक्षित मातृत्व र स्तनपान सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरू संचालनगर्दा चर्पी प्रयोग र साबुन पानीले हात धुने क्रियाकलापहरूलाई प्राथमिकतादिने ।<br>● स्वास्थ्य मन्त्रालयद्वारा संचालित एकीकृत पोषण व्यवस्थापन कार्यक्रमसँगखानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी क्रियाकलाप तथा सुविधाहरू प्रवर्द्धनगर्ने । |
| ३ | मासिक धर्म स्वच्छता (महिनावारी स्वच्छता ,जनस्वास्थ्य र शिक्षासंग प्रत्यक्ष सम्बन्धित) | ● विद्यालय, सार्वजनिक भवन र सरकारी तथा गै.स.स. कार्यालयहरूमाअनिवार्यतः चर्पीको साथमा महिनावारीसंग सम्बन्धित पक्षहरू ( जस्तैस्यानीटरी प्याड लगायत सफाइ सम्बन्धी अन्य सामग्रीहरू सफा गर्ने, फेर्ने, फ्याल्न र जलाउन मिल्ने सुविधाहरू) समेतको व्यवस्था गर्ने ।<br>● सरसफाइ सम्बन्धी विद्यालय र समुदाय स्तरीय क्रियाकलापहरू संचालन गर्दा महिनावारी स्वच्छताका विषयहरू समावेश गर्ने ।<br>● महिनावारी स्वच्छता व्यवस्थापनका लागि जनचेतनामूलक सामग्री, स्यानीटरी प्याडको निर्माण, विकास तथा प्रचारप्रसार गर्ने । |
| ४ | जलवायु परिवर्तन ( वातावरण, विज्ञान र प्रविधि, अनुसन्धान, जलश्रोत, जनस्वास्थ्य | ● जलवायु परिवर्तन सम्बन्धी क्षेत्रगत कार्य समूह स्थापना गर्ने ।<br>● जलवायु परिवर्तनले खानेपानी तथा सरसफाइ क्षेत्रमा परेको असरहरूकोवैज्ञानिक तथ्यहरू व्यवस्थित गर्न त्यसका आधारमा सुधारका योजनाहरूतर्जुमा गर्ने ।<br>● विद्यालय तथा विश्व विद्यालय तहका पाठ्यपुस्तकहरूमा जलवायु परिवर्तन सम्बन्धी |



| | | |
|---|---|---|
| | आदिसंग बढी सम्वन्धित | विषयहरू समावेश गर्ने ।<br>● वर्षात्को पानी संकलन तथा स्थानीय स्तरमा उपयुक्त हुने अन्य प्रविधिको<br>● विस्तार गरी जलवायु परिवर्तनको जोखिम न्यूनिकरण गर्ने ।<br>● जलवायु परिवर्तनका कारक तत्व मानिएका घरायसी र सामुदायिक तहमाप्रयोग भइ रहेका सामग्रीहरूको न्यून रूपमा प्रयोग गर्न जनचेतनामूलकक्रियाकलाप संचालन गर्ने ।<br>● जलवायु परिवर्तनको सवाललाई खानेपानी संस्थाको क्षेत्रको नीतिभित्र समावेशगर्न दीर्घकालीन र दिगो व्यवस्थापनको कार्यक्रम संचालन गर्ने ।<br>● अनुगमनका क्षेत्रगत सूचकहरू तयार गर्दा जलवायु परिवर्तनकासवाल/ मुद्दाहरू समावेशगर्ने ।<br>● जलवायु परिवर्तनको असर न्यूनिकरणसँग सान्दर्भिक पद्धति, प्रविधि, मौलिकज्ञान तथा सीप, क्षमता अभिवृद्धि, सूचना प्रणाली, वैकल्पिक उपायहरू आदिसम्बन्धी विषयहरूमा अनुसन्धान र विकास गर्ने । |
| ५ | आपत्कालिनपूर्व तैयारी (गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, खानेपानी तथा सरसफाइमन्त्रालय, | ● आपत्कालीन अवस्थामा जोखिम आँकलन र खानेपानी, सरसफाइ, तथास्वच्छता क्षेत्रले विपद् व्यवस्थापनमा वहन गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्नेविभिन्न तहका समन्वय समितिहरूको क्षमता र सीप अभिवृद्धि गर्ने<br>● विभिन्न क्लस्टरहरूसँग वास क्लस्टरको समन्वय गर्ने ।<br>● विपद् सम्बन्धी योजना सहित सेवा सुविधाको मानक तथा नर्म्स र सहयोगकाप्याकेज समेटी |



स्थानीय राजपत्र

| | | |
|---|---|---|
| | आवाससंग सम्बन्धित) | रणनीतिक कार्य योजना तयार गर्ने<br>• जोखिमको नक्सांकन गर्ने<br>• आपत्कालिन सरसफाइ कोष स्थापना गर्ने ।<br>• क्लोरिन र औषधिको भण्डारण मजबुत राख्ने ।<br>• चर्पी निर्माण गर्ने सामग्रीको यथेष्ठ भण्डारणगर्ने ।<br>• पानीको गुणस्तर जाँच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने ।<br>• विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त तालिमप्राप्त सहजकर्ता/स्वयंसेवकहरू परिचालन गर्ने ।<br>• मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्नेविपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ।<br>• आपत्कालिन अवस्थाको लागि शीघ्र रेस्पोन्स पद्धतिको विकास र अवलम्बनगर्ने ।<br>• हरेक जिल्लामा जगेडा कोष व्यवस्थापन गर्ने ।<br>• स्वयंसेवकको व्यापक परिचालन गर्ने ।<br>• सूचना व्यवस्थापन सुदृढ गर्ने ।<br>• विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत<br>• सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ।<br>• हरेक तहका समन्वय समितिहरूलाई बजेट व्यवस्थापन, समन्वय, मानव<br>• संसाधन परिचालन, कोष व्यवस्थापन, सूचना व्यवस्थापन र अनुगमनकाकार्यमा जिम्मेवार बनाउने । |



| | | |
|---|---|---|
| ६ | बानी व्यहोरा विकास तथा परिवर्तन | • मौजुदा सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यहोराको विश्लेषण गर्ने ।<br>• लक्षित समूहको लेखाजोखा र सक्षमता अभिवृद्धि गर्ने<br>• अपेक्षित बानी व्यहोराको पहिचान गर्ने ।<br>• बानी व्यहोरा विकास तथा परिवर्तनमा बाधा पुऱ्याउने र सहयोग गर्नेपक्षहरूको खोजी गर्ने ।<br>• लक्षित समूहले रूचाउने सन्देश पहिचान गर्ने ।<br>• सामग्री र माध्यमहरूको चयन गर्ने ।<br>• संचार तथा तालिम आवश्यकता पहिचान गर्ने ।<br>• प्रमाणमा आधारित पैरवी तथा संचार प्याकेजहरूको प्रयोग गर्ने ।<br>• अपेक्षित बानी व्यहोरा हासिल हुन सके नसकेको अनुगमन र मूल्यांकन गर्ने । |
| | | |

## अनुसुची ५
## अनुगमनका सूचकहरू र प्रमाणीकरण गर्ने आधारहरू

| सुचकहरू | प्रमाणित गर्ने आधार र औजार |
|---|---|
| **१. सफा र स्वच्छ क्षेत्र** | |
| **योजना तर्जुमा र व्यवस्थापन** | |
| • समन्वय समिति सक्रिय रहेको,<br>• WASH Planतर्जुमा भएको,<br>• क्षमता विकासको लागि तालिमहरू सञ्चालन<br>• गरिएको, | • समन्वय समितिको बैठक नियमित बस्छ बस्दैन<br>• सोध्ने,<br>• बैठकको माइन्यूट अवलोकन गर्ने<br>• WASH Planतर्जुमा भए नभएको सोध्ने र एकीन<br>• गरी अवलोकन गर्ने<br>• तलिमहरू सञ्चालन भए नभएको सोध्ने र तालिम<br>• प्रतिवेदन हेर्ने |
| **समुचित तरिकाले चर्पीको प्रयोग** | |
| • प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार<br>• सार्वजनिक स्थानहरूमा चर्पी निर्माण भइ प्रयोगभएको,<br>• साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,<br>• खुला ठाँउमा दिसा नभेटिएको, | • घर, संघसंस्था निकाय र आवश्यकता अनुसार<br>• सार्वजनिक शौचालय बने नबनेको स्याम्पिलित्त्का<br>• आधारमा अवलोकन तथा सोधपुछ गर्ने<br>• चर्पी सावुन पानी सहित सफा |



| सुचकहरू | प्रमाणित गर्ने आधार र औजार |
|---|---|
| • संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्रीभएको, | छ छैन अवलोकनगर्ने<br>• संघ सस्था एवं सार्वजनिक शौचालय प्रयोगकर्ता<br>• मैत्री छन् छैनन् अवलोकन गर्ने |
| **व्यक्तिगत सरसफाई** | |
| • प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानीसहितको<br>• हात धुने स्थान बनाएको,<br>• घर, विद्यालय संघसस्था र सार्वजनिक शौचालयहरूमा<br>• साबुन पानीले हात धुने सुविधा ( स्थान र सावुन<br>• पानी) भएका,<br>• घर, विद्यालय, स्वास्थ्य सस्था, कार्यालयहरूमा सावुन<br>• पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन<br>• लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र<br>• अभ्यास भएको,<br>• व्यक्तिगत सरसफाइमा ध्यान पुराएको (समुदायका<br>• सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल<br>• र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत) | • घर, व्यक्ति, संघसंस्थाका व्यक्तिहरूको स्वच्छता<br>• अवलोकन गर्ने तथा ज्ञान सम्बन्धी सोधपुछ गर्ने<br>• साबुन पानीसहितको हातधुने स्थान छ छैन<br>• अवलोकन गर्ने |
| **सुरक्षित पानीमा पहुँच तथा प्रयोग** | |
| • आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको, | • खानेपानीको पहुँच पुगेको छ छैन सोधपुछ गर्ने तथा |



स्थानीय राजपत्र

| | |
|---|---|
| • खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध<br>• नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा<br>• पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र<br>• पानी पिउने गरेको,<br>• घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरू<br>• स्थानीय बजारमा उपलब्ध भएको, | • अवलोकन गर्ने<br>• घर, संघसंस्था, विद्यालयमा घरायसी खानेपानी<br>• शुद्धीकरणका विधिहरू : उमालेर, क्लोरिन, फिल्टर,<br>• सोडिस विधिहरू मध्ये कुनै एक विधि अवलम्बन गरी<br>• खानेपानीको प्रयोग गरिएको छ, छैन, अवलोकन गर्ने,<br>• अभ्यासका सम्बन्धमा सोधपुछ गर्ने,<br>• खानेपानी राख्ने, भाँडा सफा छ छैन, पानी छोपेर राखेको छ छैन अवलोकन गर्ने |
| **खाना प्रयोग सम्बन्धी व्यवहार** | |
| • घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफारहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्नेगरेको गरेको<br>• खाना पकाउने र खाने भाँडा सफा हुनुका साथैखानेकुरा र पिउने पानी छोपेर राखेको,<br>• फलफूल तथा खानेकुराहरू राम्रोसंग सफा गरेर एवंपकाएर, तताएर खाने, खुवाउने गरेको,<br>• सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठनगरी कम्तीमा चौमासिक रूपमा अनुगमन हुने गरेको, | • खाना पकाउने, खाने भाँडा सफा छ छैन अवलोकनगर्ने,सोध्ने<br>• खाना सफा छ छैन क्यान्टिन, होस्टेलका विद्यार्थी रहोटल र रेस्टुराका ग्राहकलाई एवं परिवारका सदस्यलाई सोध्ने<br>• होटेल, क्यान्टिन, रेस्टुरा लगायतको खानाको शुद्धता<br>• अवलोकन गर्ने टिम सक्रिय छ छैन सोध्ने, अनुगमन<br>• प्रतिवेदन अवलोकन गर्ने |
| **घर, विद्यालय संघंसस्था, सरसफाइ** | |



| | |
|---|---|
| • घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफारहेको,<br>• विद्यालय, संघसस्था र सार्वजनिक शौचालयहरूमामहिनावारीमा प्रयोग गरिएका स्यानीटरी प्याड वाअन्य साधनहरूको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिकव्यवस्था भएको,<br>• घर आगँन एवं विद्यालय, संघसंस्थाबाटनिस्कनेफोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिनेफोहोरको समुचित व्यवस्थापन गरेको । घर एवंविद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीकोसुरक्षित निस्कासन भएको,<br>• अस्पताल, उद्योग, कलकारखानाबाट निस्केकोफोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जनसोही संस्थाले गर्ने गरेको,<br>• उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर रमलमूत्र व्यवस्थापन गर्ने गरेको,<br>• भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचितव्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको, | • □□घर, विद्यालय एवं संघसस्थाको भित्र बाहिर<br>• सरसफाइ अवलोकन गर्ने<br>• □□फोहोरको वर्गीकरण एवं पुन प्रयोग गरेको छ छैन<br>• अवलोकन गर्ने<br>• घरायसी तहमा भाडा माझ्ने जुठ्यान, भाँडासुकाउने च्याङ्ग, कपडा सुकाउने डोरी छ छैनअवलोकन गर्ने ।<br>• घर एवं विद्यालय, संघसंस्थाबाट निस्कनेफोहोरपानीको निस्कासन स्थल अवलोकन गर्ने<br>• अस्पताल, उद्योग, कलकारखानाको अवलोकन गर्ने<br>• भान्सा कोठा सफा छ छैन, धुँवा रहित चुल्होप्रयोगमा छ छैन सोध्ने र अवलोकन गर्ने<br>• गाई बस्तुको गोठ, खोर, व्यवस्थान अवलोकन गर्ने |
| **वातावरणीय सरसफाई** | |
| • गाउँ, टोल, गाउँ एवं सडक, चौतारा आदिसार्वजनिक स्थानहरूमा सफाइको लागि सरसफाइसमिति गठन भएको,<br>• घरायसी एवं संस्थागत तहमा ठोस | • ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकताअनुसार स्थानीय प्रविधि संचालनमा छ छैनअवलोकन गर्ने |

| | |
|---|---|
| तथा तरल फोहोरमानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थितसेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पीलगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको<br>• गाउँ र गाउँन्मुख क्षेत्रमा ठोस फाहोरमैलाकाव्यवस्थानको लागि स्यानिटरील्याण्डफिल्ड साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको,<br>• व्यवस्थित ढल प्रणालीको योजना तर्जुमा भएको,<br>• गाउँ र गाउँन्मुख क्षेत्रमा बधशालाहरूको निर्माण,वधशालाको सरसफाइ र त्यसबाट निस्कने फोहोरकोव्यवस्थापनमा जोड | • गाउँ र गाउँन्मुख क्षेत्रमा ठोस फाहोरमैलाकोव्यवस्थानको लागि योजना तर्जुमा भएको छ छैनसोध्ने र अवलोकन गर्ने ।<br>• ढल प्रणालीको योजना अवलोकन गर्ने<br>• बधशाला सफा र स्वच्छ रहेको ।<br>• खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरूमा सवैको पहुँच पुगेको छ छैन?राम्ररी संचालनमारहेका छन् छैन् अवलोकन गर्ने, सोध्ने<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छछैन, संचालनमा छ छैन अवलोकन गर्ने<br>• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थितसंचालनमा भएको छ छैन अवलोकन गर्ने<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिकगुणस्तर कायम रहेको छ छैन अवलोकन तथापरीक्षण गर्ने<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्कनिर्माण भएको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुनप्रयोग भएको छ छैन सोध्ने र सोको |

स्थानीय राजपत्र



| | |
|---|---|
| | प्रयोगकोअवलोकन गर्ने |
| **२. पूर्ण सरसफाई उन्मुख क्षेत्र** | |
| **सूचकहरू** | **प्रमाणीकरणका आधार तथा औजार** |
| • प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,<br>• नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा<br>• सबैको पहुँच भएको,<br>• □□ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको<br>• व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा<br>• जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्यउपयुक्त प्रविधिको प्रयोग भएको<br>• गाउँ र गाउँन्मुख क्षेत्रमा प्रशोधन सहितकोव्यवस्थित ढल निर्माण भएको,<br>• ठोस फोहोरमैलाको व्यवस्थापनका लागिआवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्डसाइडको निर्माण गरी संचालनमा रहेको,<br>• गाउँ र गाउँन्मुख क्षेत्रमा सम्भव भए सम्मफोहोरमैलाको कम उत्पादन, पुनःप्रयोग ररिसाइकल गर्ने व्यवस्था भएको,<br>• आकासेपानी संकलन र उपयोग गरेको,<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिकगुणस्तर कायम | • खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरूमासवैको पहुँच पुगेको छ छैन?राम्ररी संचालनमारहेका छन् छैन् अवलोकन गर्ने, सोध्ने<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छछैन, संचालनमा छ छैन अवलोकन गर्ने<br>• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थितसंचालनमा भएको छ छैन अवलोकन गर्ने<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिकगुणस्तर कायम रहेको छ छैन अवलोकन तथापरीक्षण गर्ने<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्कनिर्माण भएको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुनप्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगकोअवलोकन गर्ने |

स्थानीय राजपत्र

| | |
|---|---|
| राखेको,<br>● बस्ती, टोल वरपर यथोचित हरियाली र पार्कनिर्माण भएको, | |

**अनुसुचि ६**

**खानेपानी, सरसफाइ र स्वच्छता योजनामा समावेश गर्नुर्पुर्ने न्यूनतम विषयहरू**

१. पृष्ठभूमि :
२. स्थान परिचय :
३: वर्तमान अवस्था (खानेपानी, सरसफाइ र स्वच्छता) :
४. लक्ष्य निर्धारण (खानेपानी, सरसफाइ र स्वच्छता) :
५. कार्य प्रक्रिया :
६. अवसर चुनौतीहरूको विश्लेषण :
७. क्रियाकलापहरू :
८. कार्ययोजना
९. लागत अनुमान :
१०. सरोकारवालाहरूको पहिचान, नक्सांकन र योगदानको विश्लेषण :
११. अनुगमन तथा मूल्यांकन :
१२. आवश्यक नक्साहरू :



**अनुसुचि ७ :**

**क्षमता विकासको लागि आवश्यक न्यूनतम क्रियाकलापहरू**

१. अभिमुखीकरण गोष्ठीहरू , राष्ट्रिय, क्षेत्रीय, जिल्ला, गा.पा. वा न.पा. स्तरीय
२. प्रशिक्षक प्रशिक्षण तालिमहरूराष्ट्रिय, क्षेत्रीय, जिल्ला, गा.पा. वा न.पा. स्तरीय
३. सञ्चारकर्मीहरूको लागि अभिमुखीकरण
४. यातायात मजदुरहरूको लागि अभिमुखीकरण
५. सफाइ मजदुरहरूको लागि अभिमुखीकरण
६. होटेल, रेस्टुरा, खाजा पसल, क्यान्टिका व्यवस्थापक र कर्मचरीलाई अभिमुखीकरण
७. निजी क्षेत्रका, उद्यमी व्यवसायी, प्रवर्द्धकहरूलाई अभिमुखीकरण
८. शिक्षक तथा शिक्षिकाहरूको लागि अभिमुखीकरण
९. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, सहकारी आदिको लागि अभिमुखीकरण



स्थानीय राजपत्र

## अनुसुची ८ :

**सफा र स्वच्छ क्षेत्रे घोषणा र पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा पश्चात घर, स्थानीय निकायका कार्यालय, सस्था - वडा मा टाँसिने स्टीकरको नमुना**

क) सफा र स्वच्छ क्षेत्र घोषणा गरे पश्चात चाँदी/निलो रङ्को घरको अग्रभागको छानो माथि नेपालको राष्ट्रियझण्डा र घरको छानाको दुवै किनारामा तारा र घरको अग्रभागमा पानीको धाराको टुटी, साबुन पानीले हातधुने स्थान, प्यान र फोहोर ायाक्ने खाडलको नमुना आदि राखी घरमा टाँस्ने स्टीकरको नमुना हुने छ ।

ख) पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गरे पश्चात सुनौला/हरियो रङ्को घरको अग्रभागको छानो माथिनेपालको राष्ट्रिय झण्डा र घरको छानाको दुवै किनारामा तारा र घरको अग्रभागमा पानीको धाराको टुटी,साबुन पानीले हात धुने स्थान, प्यान र फोहोर फ्याक्ने खाडलको सहितको घरमा टाँस्ने स्टीकरको नमुना हुनेछ ।

माथि क र ख दुबैमा उल्लेखित विवरणमा आधारित रहेर स्टीकरको नमूनाको डिजाइन तयार पारिनेछ ।

-ooo-

स्थानीय राजपत्र